# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

पत्र संख्या : ०८२/८३
चलानी नं. : १६२५

मिति : २०८२/१२/३०
ने.सं. ११४६ चौलागा

विषय- शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्वन्धमा ।

श्री सम्पुर्ण विद्यालयहरु,
सिद्धिचरण नगरपालिका ,ओखलढुङ्गा ।

प्रस्तुत विषयमा मिति २०८२/१२/२२ को सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र तथा मिति २०८२/१२/२२ को शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र अनुसार शिक्षा नियमावली ,२०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुँदैन भन्ने स्पष्ट व्यवस्था हुँदाहुँदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीहरुवाट अग्रीम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिइएको , तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको ,एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए वमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने ,नियम विपरीत शुल्क नलिने ,कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रीम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्वन्धित विद्यालयलाइ कार्वाही गर्ने व्यवस्थाका लागि निर्देशन भएको हुदा सोही अनुसार गर्नुहुन र अनुगमनको क्रममा माथि उल्लेखित कुरा देखिएमा प्रचलित कानून वमोजिम कार्वाही हुने व्यहोरा सवैमा जानकारीका लागि अनुरोध छ। साथै विद्यालयहरुलाई तपसिलका कुराहरुमा समेत ध्यान दिन हुन अनुरोध छ ।

तपसिल

१.नेपालको संविधान २०७२ को धारा ३१ उपधारा ३ तथा अपाङ्ग भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन ,२०७४ को दफा २१ उपदफा १३ र अपाङ्ग भएका व्यक्तिहरुको अधिकार सम्वन्धी नियमावली ,२०७७ को नियम १४ ले अपाङ्ग भएका व्यक्तिहरुलाइ माध्यमिक तह र उच्च शिक्षा समेतमा निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था भएकोले सोही अनुसार गर्नुहुन ।

२. विद्यालयलाई तोकिएको कामको परिपत्र तथा निर्देशन समयमै पालना तथा कार्यान्वयनमा लैजाने र शिक्षक तथा कर्मचारीहरुले फोन तथा सामाजिक सञ्जालमा समेत अपडेट रहनु हुन ।

३. शैक्षिक सत्र २०८३ को कार्यक्रमहरु माथिल्लो निकायले गरेको परिपत्र अनुसार गर्नुहुन ।

४. शिक्षा शाखाबाट तोकिएको काम समय भित्र सम्पन्न गर्न आवश्यक कागजात पूर्ण रुपमा पेश गर्ने व्यवस्था मिलाउनु हुन।

५. शिक्षक तथा कर्मचारीहरुले प्रचलित कानुन, शिक्षा ऐन तथा नियमावलीमा भएको ब्यवस्था अनुसार मात्र विदामा वस्नुहुन ।

प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : 1660-3752010 E-mail: siddhicharanmunicipality@gmail.com Website: https://www.siddhicharanmun.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३४२

मितिः २०८२/१२/२३

नेपाल संवत् ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्वन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ४२५, मिति २०८२/१२/२२ को शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

दर्ता नं.: [illegible]

मितिः [illegible]

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३२५९
दर्ता मिति:- १२।२३

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः-८२।८३
चलानी नं.:-४२५

मितिः २०८२।१२।२२
ने.स. ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

केहि विद्यालयहरुले शैक्षिक सत्र शुरु नहुदै विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको भनि विभिन्न माध्यमबाट आएका सूचना एंवं गुनासोहरु प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था हुदाँहुदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने, नियमविपरीत शुल्क नलिने, कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कार्वाही गर्ने व्यवस्थाका लागि सम्पुर्ण स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

कृष्णचन्द्र पोखेल
उपसचिव

*बोधार्थ:-*
*श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।*
*श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै):-* *उल्लिखित विषयमा स्थानीय तहसंग आवश्यक समन्वय एवं सहजिकरण लागि ।*

फोन नं.:
वेबसाइट : www.moest.gov.np

स.क.प.आ.नं. ३३९०१ दर्ता नं.३५२/०६५

# समावेशी विकासका लागी विकालाङ्ग मञ्च नेपाल
## फोडिड नेपाल
## Forum of Diffierently abled for inclusive Development Nepal
## FoDID Nepal

प.सः ०८२।०८३ मितिः २०८२/१०/२६

च नः ११

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
सिद्धिचरण नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा ।

**विषयः निःशुल्क शिक्षाको लागि परिपत्र गरि दिने वारे।**

उपरोक्त सम्वन्धमा नेपालको संविधान २०७२ को धारा ३१ उपधारा ३, तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन २०७४ को दफा २१ उपदफा १३ र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि नियमावली २०७७ को नियम १४ ले अपाङ्गता भएका व्यक्तिहरुलाई माध्यमिक तह र उच्च शिक्षा समतमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था भएको छ। तर केहि मा.वि तहका सामुदायिक विद्यालयहरुले अंग्रेजी भाषा माध्यम प्राविधिक शिक्षा लागू गरेको वहानामा भर्ना फि लगायत अतिरिक्त शुल्क लिईरहेको भन्ने गुनासो यस संस्थामा प्राप्त भएकोले माथि उल्लेखित विद्यमान कानून वमोजिम अपाङ्गता भएका व्यक्तिहरुलाई कुनै प्रकारको शुल्क नलिनु भनि सिद्धिचरण नगरपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरुलाई परिपत्र गरी सहयोग पुऱ्याईदिनुहुन सादर अनुरोध छ ।

बाल कुमार कटवाल
अध्यक्ष

दर्ता नं.: १६९३
मिति: 2082/10/26